पौवादुङ्मा गाउँपालिका भोजपुर र के एस मिडिया नेपाल प्रा.लि. सहकार्यमा भएको कार्यक्रमको

# कार्य सम्पादन प्रतिवेदन



मिति : २०७९/०९/०६

पेश गर्ने

के एस मिडिया नेपाल प्रा.लि भोजपुर

समक्ष

पौवादुङ्मा गाँउपालिका

भोजपुर

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

परिचय :

**के एस मिडिया नेपाल प्रा.लि.**द्वारा सञ्चालित **खवरसंसार डट कम** अनलाईन मिडिया हो । अनलाईनको माध्यमवाट स्थानीय भाषा सस्कृतिको प्रवर्धन तथा जनतामा सूचनाको पहुँच वृद्धी गर्ने उदेश्यले स्थापना गरिएको हो । भोजपुर सदरमुकामबाट विगत सात बर्षदेखि सञ्चालन हुँदै आएपनि मिति २०७४ सालबाट भने प्रेश काउन्सिल तथा सूचना तथा प्रशारण विभागबाट आधिकारिक स्वीकृत लिई जिल्लामा पहिलो पटक सञ्चालनमा आएको अनलाईन पत्रिका हो ।

सूचना विकासको राजमार्ग भएकोले अनलाईनको माध्यमबाट जिल्लाबासीहरुको आर्थिक, सामाजिक, शैक्षिक विकासमा सहयोग पुऱ्याउनुको साथै भाषा, संस्कार, संस्कृतिहरुको संरक्षण र संबर्धन गर्नु यस अनलाईनको मूल लक्ष्य रहेको छ । अनलाईनले आफ्नो समाचारमा ९० प्रतिशत भन्दा वढी स्थानीय सवाललाई प्राथमिता दिँदै स्थानीयबासीको जनजिविकाका विषयमा खोजमूलक सामग्री तयार गर्दै आएको छ । बद्लिदो विश्व परिवेशसँगै अहिले मानिसहरु अनलाईमा रमाउन थालेका छन ।

अनलाईन माध्यमबाट विश्वका जुनसुकै घटनाहरुको जानकारी सजिलै लिन सकिन्छ । यो माध्यम अहिले जनताको सूचना लिने सहज माध्यमसमेत बनेको छ । जिल्लामा हाम्रो अलाईनको सर्वेक्षण अनुसार ८० प्रतिशत भन्दा बढी पाठकले नियमित अनलाईन भिजिट गर्ने गरेका छन् । स्थानीय घटना तथा सूचनालाई प्राथमिकता दिईने भएकोले विशेष गरेर पाठकले बढी अध्ययन गर्ने गरेको सर्वेक्षणले देखाएको छ ।

सञ्चारको ईतिहासलाई हर्ने हो भने परेवाको खुट्टामा चिठ्ठी बाध्नेदेखि रेडियो, टेलिभिजन,पत्रपत्रीका हुँदै प्रविधिको विकाससँगै अनलाईनसम्म आईपुगेको छ । डिजिटल प्राविधि अहिले मानिसहरुको सहज सूचना पाउने सबै भन्दा सहज माध्यमको रुपमा स्थापित भएको छ । यसर्थ यस्ता प्राविधिको उचित ढंगले प्रयोग गरेर सूचना प्रवाहलाई प्रभावकारी बनाउनु पर्ने आजको आवश्यकता देखिन्छ ।




नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक्ता :**

गाँउपालिकाले दिने सेवा सुबिधाबारे सबै गाउँपालिकाबासीलाई जानकारी दिनु गाउँपालिका कार्यालयको कर्तव्य हो तर सिमित कर्मचारीमा सञ्चालित गाउँपालिका कार्यालयले सबै सुचना तथा जानकारी घर/ घरमा गएर जानकारी गराउन कठिन छ । जनचेतनाको अभावका कारण अझैपनि दैनिक घट्ना दर्ता गराउन स्थानियबासी जागरुक भएको पाईदैन । त्यसका लागि जनचेतना जगाउन आवश्यक छ । जसको लागि रेडियाको माध्यमबाट सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरुलाई सवै माँझ पुऱ्याउन सके त्यसले समाजमा सकारात्मक भुमिका खेल्ने देखिन्छ । साथै सञ्चार मध्यमबाट गाउँपालिकाकाले आफ्नो स्थानिय तहका जनताको सवै क्षेत्रको विकासको लागि गरिरहेको तथा आगामी दिनका योजनाको विषयमा प्रत्यक्ष रुपमा जानकारी मिल्ने देखिन्छ । जसको कारण गाउँपालिकालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्थानियवासीको सकारात्मक सल्लाहाले भावी योजना वनाउन सहयोग पुग्ने देखिन्छ ।

**कार्यक्रमको उद्धेश्य :**

- गाउँपालिकाले सञ्चालन गरीरहेका काम तथा आगमी दिनका योजनाको विषयमा जानकारी दिन
- पहिलो चौमासिकसम्म सञ्चालन भएका योजनाको विषयमा प्रत्यक्ष रुपमा जनतालाई जानकारी गराउन
- विभिन्न योजनाहरु सञ्चालन गर्दा आईपरेका समस्याको विषयमा स्थानिय तथा सरोकारवाला निकायलाई जानकारी दिन
- जनप्रतिधिहरुले जनताको तर्फबाट आएका जिज्ञासाको समाधान गरी जनतालाई आफुले गरेको कामको विषयमा प्रष्ट पार्ने अवसर दिन
- गाउँपालिकाको विकास निर्माणमा देखिएका समस्या समाधानका लागि सरोकारवालाको ध्यानाकर्षण गराउन
- यस्ता कार्यक्रममा जनताको प्रत्यक्ष रुपमा सहभातिगा रहने हुँदा समृद्ध गाउँपालिका निर्माण गर्न भावी कार्ययोजना निर्माण गरी सहजता प्रदान गर्न

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

अपेक्षित उपलब्धीः

- गाउँपालिकाको योजना छनौट, बजेट बिनियोजन  तथा अन्य कार्यको जनतालाई पारदर्शीता दिलाईने भएकाले जनताले सुशासनको अनुभुति पाएका छन्।
- गाउँपालिको योजना तथा निति कार्यक्रमको विषयमा जानकारी पाएका छन् ।
- गाउँपालिकाका क्षेत्रका समस्या समाधान र त्यसको निराकरण गर्न योजना तर्जुमा गर्न सहजता थपिएको छ ।
- गाउँपालिका कार्यालय र स्थानिय बिचको सम्बन्धमा आत्मीयता बढ्ने छ। यसले बलियो स्थानीय सरकारको रुपमा गाउँपालिकालाई स्थापित गराउन सहयोग पुग्ने छ ।



नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

## ३. कार्यक्रम भएको मिति स्थान र समय

के एस मिडिया नेपाल प्रा.लि.  र पौवादुङमा गाउँपालिका बीच भएको सम्झौता अनुसार गाउँपालिका केन्द्र च्याङ्ग्रेमा २०७९ पौष ०६ गते सार्वजनिक कार्यक्रम सञ्चालन व्यवस्थापन तथा प्रत्यक्ष प्रसारण गरिएको ।




## ४. कार्यक्रम सञ्चालन प्रक्रिया

- नागरिकहरुको गुनासो संकलनको लागि यहाँका सवै वडामा नागरिक प्रतिवेदन, नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत पद्धती अवलमन गरिएको ।
- नागरिकबाट आएको सुझावको आधारमा कार्यक्रमको सहजीकरण गरिएको ।
- सार्वजनिक सुनुवाईलाई स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार सञ्चालन गरिएको ।
- नागरिकको गुनासोलाई अधिकतम रुपमा समावेश गराउनको लागि सूचना प्रवाहसँगै अनलाइनबाट पनि गुनासो संकलन गरिएको ।
- नागरिकबाट उठेका सवालहरुको  गाउँपालिकाका अध्यक्ष किरण राई, उपाध्यक्ष ज्योन्सना राई, प्रमुख प्रशासकिय अधिकृत नविन भट्टराई तथा वडाध्यक्षहरुले  जावाफ दिनुभएको छ ।

नविन भट्टराई
प्रशासकीय अधिकृत



## कार्यक्रमको मुख्य उपलब्धी

- गाँउपालिकाको योजना छनौट र बजेट बिनियोजन पारदर्शी भएको छ । गाउँपालिकाबासीले सुशासनको अनुभुति गरेका छन् । गाँउपालिकाबासीले आवश्यक जानकारीको अभावमा बेहोर्दै आएको झन्झटमा कमि भएको महसुस गरेका छन् ।
- गाउँपालिका क्षेत्रका समस्या समाधानका लागि विभिन्न पहल भएका छन् त्यसले गाउँपालिकाको कार्यसम्पादन तथा विकास निर्माणका काममा सहजता प्रदान भएको छ।
- गाउँपालिका कार्यालय र गाउँपालिकाबासी बिचको सम्बन्धमा आत्मीयता वृद्धी भएको छ। यसले स्थानिय सरकारको रुपमा गाउँपालिकालाई स्थापित गराउन मदत पुगेको छ।




## ७. निष्कर्ष

कार्यक्रम सोचेभन्दा राम्रो र उपलव्धीमुलक देखिएको छ। स्थानिय सरकार र नागरिक बीचको सम्वन्ध स्थापित भएको छ। स्थानिय सरकारको पारदर्शिता र सुसासनको अनुभुति जनताले गर्न पाएका छन्। विकास निर्माण एवं समाज रुपान्तरणका स्थानिय सरकारका काममा जनताको साथ र सहयोगको उत्साहपूर्ण वातावरण तयार भएको छ। गाँउपालिका र जनता बीचको अन्तरसम्वादको वातावरण तयार भएको छ। आगामी दिनमा पनि यस्तो कार्यक्रमको रचनात्मक र प्रभावकारी कार्यान्वयनका लागी सहकार्यको आवश्यक्ताको नागरिकले खाँचो महशुस गरेका छन्।

युवराज विष्ट
प्रमुख
के एस मिडिया नेपाल प्रा.लि।

प्रमुख प्रशासकीय अधिकृत

"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा: पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चयाङ्ग्रे, भोजपुर
१ नं.प्रदेश, नेपाल

त्र सं.:-२०७९/०८० प्रशासन
लानी नं.:-

मितिः-२०७९।०८।१८

विषय :- कार्यादेश दिईएको बारे ।

ी के. एस. मिडिया नेपाल प्रा. लि.
ोजपुर

प्रस्तुत विषयमा यस गाउँपालिकाको चालू आ. व. २०७९/०८० को प्रथम चौमासिक अवधीसम्मको सेवा वाह र भौतिक तथा वित्तीय प्रगती विवरण सम्वन्धी सार्वजनिक सुनुवाई ( Public Hearing ) कार्यक्रम ति २०७९/०९/०६ गते यस गाउँपालिकामा सञ्चालन हुने भएकोले कार्यक्रमको सम्पूर्ण चरणहरु ( गुनासो पन Exit pole, गुनासो टिपोर्ट प्रतिवेदन, कार्यक्रमको प्रत्यक्ष प्रशारण तथा सहजीकरण ) पुरा गरी सोको र्यसम्पन्न प्रगती प्रतिवेदन पेश गर्ने गरी तपाई के. एस. मिडियालाई कार्यालयको मिति २०७९/०८/१८ को र्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ ( १ ) घ बमोजिम हुने गरी रु. १,००,०००।- ( कलाख) मा नबढ्ने गरी कार्यक्रम संचालन गर्न कार्यादेश दिईएको छ ।

सम्झौता बमोजिमको काम सम्पन्न गरी प्रतिवेदन सहित खर्चको बिल भरपाई पेश गर्नहुन जानकारी ाईन्छ ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत